NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था)
रजिष्टर्ड/कर्पोरेट कार्यालयः थापाथली-११, ट्रेड टावर, थापाथली, काठमाडौं
फोन नं. ९७७-०१-५१११९७७/७८/८८, फ्याक्सः ९७७-०१-५१११९८०
Email: info@nicasiabank.com, URL: www.nicasiabank.com

# एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको कम्पनीको संस्थापक समुहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०७९/१२/२४**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७९/१२/३०**

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको सिटिजन इन्भेष्टमेन्ट ट्रष्टको संस्थापक समूहको २४,००० कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु. ७१०/- मा बिक्री गर्ने यस बैंकको निर्णय अनुसार तपसिलमा उल्लेखित शेयर खरीद गर्न प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरुले **२०७९ चैत ३० गते** कार्यालय समयभित्र के कति दर भाउमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १ | **श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौ ।** |
| २ | श्री एन आई सी एशिया बैंक लिमिटेडको **कर्पोरेट कार्यालयः** ट्रेड टावर, थापाथली, काठमाण्डौ । **शाखा कार्यालयहरु :** क्रमश (१) विराटनगर-३, मोरङ्ग (२) आदर्शनगर, वीरगंज (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, धनगढी र (६) विरेन्द्रनगर, सुर्खेत । |

**तपसिल**

| सि.नं. | कम्पनीको नाम | शेयर कित्ता |
|---|---|---|
| १. | सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | २४,००० |

**शर्तहरुः**

१. यस बोलकवोल प्रकृयामा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी वाहेकका अन्य कम्पनी तथा व्यक्तिहरु सहभागी हुन सक्ने छैनन्। आवेदकको प्रबन्धपत्र, नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ।

२. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ। साथै एन आई सी एशिया बैंकका माथि उल्लेखित शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले बैंकको छाप लगाएको आवेदन फारम खरीद गरी लिन सक्नु हुनेछ। छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर, रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १,००० (एक हजार) कित्ता वा सो भन्दा माथि १०० ले भाग जाने गरी अधिकतममा माथि उल्लेखित सम्पूर्ण कित्ता शेयरका लागि आवेदन दिन सकिने छ।

५. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित भएको आजको मिति २०७९/१२/२४पश्चात् सम्बन्धित कम्पनीबाट घोषणा हुने हकप्रद शेयर, बोनश शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरूले प्राप्त गर्नेछन्।

६. शिलबन्दी खाम बाहिर "**सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट**" उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्ने छ।

७. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरि सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।

८. सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिने छ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ।

९. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।

१०. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

११. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।

१२. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नियमन निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाइने छ।

१३. आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदी संलग्न गर्नुपर्नेछ।

१४. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।

१५. यस कम्पनीले स्वीकृत बोलपत्रवालालाई बाँडफाँड गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी वा अन्य कुनै माध्यमबाट सम्बन्धित आवेदकलाई जानकारी गराईनेछ।

१६. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न बिक्रीकर्ता बैंकले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।

१७. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ। कुनैपनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दाबी गर्न सक्ने छैन। बाँडफाँडमा परेको शेयर तथा सोबाट प्राप्त बोनश हकप्रद शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।

१८. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ।

१९. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।

**बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL
**एन आई सी एशिया क्यापिटल लिमिटेड**
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com